**प्राज्ञिक विमर्श**, **वर्ष ७, अङ्क, १३, २०८२ वैशाख,** ISSN 2676–1297

# ‘विद्रोह’ कथामा प्रभुत्व र प्रतिरोध

❋चतुर्भुजलाल दास केवरत
**cldkewrat@gmail.com**

**अध्ययनसार**

प्रस्तुत अध्ययन ‘विद्रोह’ कथामा प्रभुत्व र प्रतिरोध शीर्षकमा केन्द्रित रहेको छ। साहित्यको सांस्कृतिक अध्ययन अन्तर्गतका प्रभुत्व र प्रतिरोध शक्तिसम्बन्धसँग जोडिएका विषयवस्तु हुन्। शक्ति सामाजिक संरचनामा छरिएको हुन्छ। विद्रोह कथाकार राजेन्द्र विमलद्वारा लिखित सामाजिक यथार्थवादी कथा हो। विद्रोह कथामा तराईको कथित दलित चमार जातिले प्रभुत्वशाली गैरदलितका विरुद्धमा सशक्त विरोध गरेको विषयवस्तु छ। यस कथामा कथित उच्च जातीय गुरुले कथित दलित जातिको आफ्नो शिष्यलाई अमानवीय व्यवहार गरेको विषयवस्तुको प्रस्तुति छ। पूर्वाध्ययनबाट प्रस्तुत विषयको रिक्तता पत्ता लगाई सोही यस शीर्षकमा केन्द्रित भएर अध्ययन गरिएको हो। यस लेखमा प्राथमिक र द्वितीयक दुवैका खालका सामग्रीको प्रयोग गरिएको छ। प्रस्तुत अनुसन्धानमा विद्रोह कथालाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने विद्रोह कथासँग सम्बन्धित प्रकाशित सामग्री एवम् प्रभुत्व र प्रतिरोधका सैद्धान्तिक आधारसँग सम्बन्धित सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। सांस्कृतिक अध्ययन अन्तर्गतका प्रभुत्व र प्रतिरोधको अध्ययन नै यसको सीमा हो। प्रभुत्व शक्तिको प्रयोगसँग सम्बन्धित रहन्छ भने प्रतिरोध शक्तिको विरोधमा प्रतिक्रिया जनाउनुसँग सहसम्बन्धित रहन्छ। यसमा व्याख्याको निम्ति पाठविश्लेषण विधिको प्रयोग गरिएको छ। कथावस्तुमा चमार जातिको पात्रले समाजमा अमानवीय र विभेदकारी व्यवहार सहन नसकी तिनका विरुद्धमा कडा विरोध गरेको विषयवस्तुको प्रकटीकरण भएको छ।

**मुख्य शब्दावली** : उत्पीडन, दमन, वर्चस्व, अवरोध, शक्तिसम्बन्ध

## विषयप्रवेश

‘विद्रोह’ आदर्शोन्मुख यथार्थवादी कथाकार राजेन्द्र विमलद्वारा लिखित सामाजिक यथार्थवादी कथा हो। यो कथा उनको ‘सरबरिया टोल’ (२०८०) कथासङ्ग्रहमा सङ्गृहीत छ। यस कथामा तराइली समाजका कथित मधेसी दलित चमार जातिमाथि त्यहाँका कथित उच्च ब्राह्मण जातिको उत्पीडन र दमन देखाउनुका साथै चमार जातिको सशक्त विरोध मुखरित भएको छ। प्रस्तुत कथामा चमार जातिका मानिसहरूले सदियौँदेखि मरेका जीवजन्तु फाल्ने, तिनका छाला काढेर सिनो बनाउने कथ्यवस्तुको चित्रण गरिएको छ। विवेच्य कथामा तराइली ब्राह्मण जातिका जीतन पण्डितको गोरु मरेको कैयौँ दिनसम्म नफ्याँक्दा कुकुर, गिद्ध र स्यालका भुण्डहरूले खाएर बाहुन, क्षेत्री जातिका घरका छानामा हाड फ्याँकिदिँदा समाजका उच्च जातीय पात्रहरू आक्रोशित भएको कथावस्तु छ। समाख्याताका बुबाकाकाहरू तीन दाजुभाइ, समाख्याता र उसको धनेसर काका मिलेर मरेको गोरु ठेगान लगाएको विषयवस्तुको चित्रण गरिएको छ। यस कथामा समाख्याता अर्थात् मनचनमाले सिनो नफ्याँक्ने सङ्कल्प लिएर विद्रोहको आरम्भ गरेको विषयवस्तु छ। प्रस्तुत कथामा मनचनमा पढ्नका लागि विद्यालय गएको र त्यहाँ उसका इतर जातीय सहपाठीहरूले छुताछूतका अमानवीय व्यवहार गरेको तथ्यलाई कथाकारले यथार्थ किसिमबाट उतारिएको छ।

विद्रोह कथामा मनचनमाका उच्च जातीय सहपाठीहरू सँगै बसेर पढ्दा छोइछिटो हुँदा घरमा गई नुहाउने वा गङ्गाजल छर्केर चोखिने सन्दर्भको प्रस्तुति छ। जातीय असमान व्यवहार र छुवाछुतको सन्दर्भले सामाजिक सांस्कृतिक पक्षलाई अभिव्यञ्जित गरेको छ। प्रस्तुत कथामा आफ्नो कक्षामा अब्बल सावित भएको मनचनमा खुसी भएर गुरुलाई गुरु दक्षिणा दिन जाँदा गुरुले आशीर्वाद दिनुको साटो मनचनमाको टाउको भित्तामा ठोक्काइदिएर रगतपच्छे बनाइदिएको कारुणिक पक्ष उद्घाटित छ। गुरुको व्यवहारमा गुरुतर भावको अभाव देखिन्छ। यस सन्दर्भमा गुरु जातीय सङ्कीर्णताभन्दा माथि उठ्न नसकेको तथ्य अभिव्यक्त छ। मनचनमा पढ्न छाडेर जनकपुरको जनक चोकमा पुर्ख्यौली पेसा जुत्ताचप्पल सिउने, मरम्मत गर्ने काम गर्न थाल्छ।

**❋लेखक त्रि.वि.अन्तर्गत पाटन बहुमुखी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ।**

मनचनमा जनकपुरको जनक चोक छाडेर पोखरा गई त्यहाँकी गोरी परियार केटीसँग विवाह गरी घरजम गरेको विषयवस्तुको चित्रण गरिएको छ। गोरी परियारसँग उसका छोरा छोरी जन्मेको विषयवस्तुको प्रस्तुति छ। यस कथामा पण्डित दीनानाथको बाह्रवर्षे नाति पंकज कुरुवार छठ घाटमा लडेर रक्ताम्मे भई अस्पतालमा भर्ना भएको सन्दर्भ छ। उसको नातिलाई चाहिने ग्रुपको रगत मनचनमासँग मेल खान्छ । गाउँका उच्च जातिका सबैजना आएर मनचनमालाई रक्तदान गर्न अनुरोध गर्छन्। मनचनमाले उच्च जातिका सबैलाई चमारहरूले छोएको पानी आचमन गर्न भन्छ। ती सबैजना मनचनमाले भनेको कुरा मान्न तयार भई पानी आचमन गर्दा कसैकसैले ह्वालह्वालती वान्तासमेत गर्छ। मनचनमा आफ्ना धनेसर काका र गाउँलेका अनुरोधमा पण्डित दीनानाथको नाति पंकज कुरुवारलाई अस्पताल गई रक्तदान गर्ने लाइनमा बस्छ र मनमनै सोच्छ अझै कति पुस्ता विद्रोह गर्नुपर्ने हो। कथाकार विमल मानवतावादको पृष्ठपोषणका निम्ति निकै सजग भएर कलम चलाउँछन्। उनी मानवद्वेषी व्यवहारको विपक्षमा सशक्त भएर आवाज वुलन्द गर्छन्। आदर्शवादी कथाकार विमल मान्छेका कृतघ्नी मनोवृत्ति, पाखण्डीपन र आडम्बर हटाउनुपर्ने उद्घोष गर्छन् । 'विद्रोह' कथामा कथित उच्च जातीय अहङ्कार, आडम्बर, पाखण्डीपन एवम् असामाजिक तथा अमानवीय व्यवहारका कारण मानवता तिरोहित भएको तथ्यलाई उजागर गर्दै उत्पीडित चमारहरू प्रतिरोध गर्न बाध्य भएका कथावस्तुको सहज विकास भएको छ।

कथाको अध्ययन विश्लेषण गुणात्मक शोध हो । यस अध्ययनमा 'विद्रोह' कथालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ । सरबरिया टोल कथासङ्ग्रह र 'विद्रोह' कथाका बारेमा गरिएका पूर्वकार्य, समीक्षा आदिलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। यस अनुसन्धानको लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ। प्रस्तुत अध्ययनका निम्ति निगमनात्मक विधिको प्रयोग गरिएको छ। यसमा विद्रोह कथाको विश्लेषणका लागि हेजेमोनी अर्थात् प्रभुत्व र सांस्कृतिक अध्ययन अन्तर्गतकै प्रतिरोधको सिद्धान्तको उपयोग गरिएको छ। यी सिद्धान्तसँग अन्तरर्सम्बन्धित विषयवस्तुलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। पाठ विश्लेषणका निम्ति वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी अर्थापन र सत्यापन गरिएको छ। विद्रोह कथामा प्रभुत्व र प्रतिरोध नै यस अनुसन्धानको सीमा हो।

**सैद्धान्तिक पर्याधार**

प्रभुत्व र प्रतिरोध साहित्यको सांस्कृतिक अध्ययनसँग जोडिएका विषयवस्तु हुन् । यी दुवैका सम्बन्ध शक्तिसम्बन्धसँग अन्तर्सम्बन्धित रहेको छ । नेपाली भाषामा प्रयुक्त प्रभुत्व अङ्ग्रेजी शब्द हेजेमोनी (Hegemony)को नेपाली अनुवाद हो। अङ्ग्रेजी शब्द हेजेमोनीले नेतृत्व, नायकत्व, वर्चस्व, प्रभुत्व आदिलाई जनाउँदछ। यस शब्दले राजनीतिक वा सांस्कृतिक हिसाबले अरूमाथिको वर्चस्वलाई इङ्गित गर्दछ। वर्चस्वलाई अर्को शब्दमा आधिपत्य पनि भनिन्छ। हेजेमोनी शब्दले कुनै एउटा सामाजिक समूह वा राष्ट्रले अरूमाथि (अरू सामाजिक समूह वा राष्ट्र) को प्रभुत्वलाई जनाउँदछ । प्रभुत्वले कुनै व्यक्ति, समूह र वर्ग विशेषको सामर्थ्यवान् अवस्थालाई अभिव्यक्त गर्दछ। अङ्ग्रेजी भाषामा प्रचलित हेजेमोनी शब्द इटालेली मार्क्सवादी सौन्दर्य चिन्तक एन्टोनियो ग्राम्सीले (सन् १८९१–१९३७) प्रयोग गरेका हुन्। उनी समाजलाई बुझ्नका निम्ति सामाजिक संरचनालाई आलोचनात्मक ढङ्गबाट हेर्नुपर्ने भन्छन्। ग्राम्सीले हेजेमोनीले समाजलाई विना शक्ति एक ठाउँमा सङ्गठित गर्ने अवधारणा प्रस्ट पारेका छन्। यस शब्दले नेतृत्व प्राप्तिका लागि मजदुर वर्गका बिचमा विभिन्न खालका सम्झौता र सहमति गरिने अर्थलाई सङ्केत गर्दछ । ग्राम्सीले यस प्रक्रियाको माध्यमबाट बेलायत र फ्रान्सका उदार प्रजातन्त्रवादीहरूले सफलता हासिल गरेको बताएका छन्। हेजेमोनीलाई बुझ्नका निम्ति सम्झौता र सहमति (लभनयतष्बतष्यल बलम अयलकभलत) जस्ता शब्दावलीहरू बुझ्नु आवश्यक छ। विचारहरू, मूल्यमान्यताहरू र विश्वासहरू माथिबाट थोपरिएका हुँदैनन् न त तिनीहरू स्वतन्त्र र आकस्मिक बाटोबाट विकास गरिएका हुन्छन्। तर तिनीहरू वर्गहरूका विचारहरूको टक्करका माध्यमबाट सहमति कायम गरिएको हुन्छ (सरदार र लुन, सन् १९९८, पृ.४९)। सामाजिक मूल्यमान्यता तथा विश्वासहरू सहमतिका माध्यमबाट समाजमा थोपर्ने काम हुन्छ भन्ने अवधारणालाई हेजेमोनीले अभिव्यञ्जित गर्दछ।

प्रतिरोध शब्द अङ्ग्रेजी रेसिस्टेन्स (Resistence) शब्दको नेपाली रूपान्तर हो । यस शब्दले कुनै विषयवस्तु प्रतिको विरोधलाई इङ्गित गर्दछ। सामाजिक संरचनामा सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक हिसाबले एउटा पक्ष प्रभुत्वशाली हुन्छ भने अर्को पक्ष कमजोर हुन्छ। यस्तो असमान संरचनामा शक्तिको अभ्यास चलिरहेको हुन्छ। सांस्कृतिक विमर्शमा शक्तिशाली पक्षले आफूभन्दा कमजोर पक्षलाई

दबाउने कोसिस गर्छ र कमजोर पक्ष पनि आफूले सक्दो विरोध गर्न खोज्छ। जहाँ शक्ति हुन्छ त्यहाँ प्रतिरोध हुन्छ, यसको सम्बन्ध शक्ति र दमनसँग जोडिएको हुन्छ (बार्कर,सन् २००४, पृ.१७८) । सामाजिक संरचनाअन्तर्गत शक्तिको अभ्यासका सन्दर्भमा थिचोमिचो र प्रतिरोधको क्रम भने निरन्तर चलेकै हुन्छ। सामाजिक संरचनामा शक्तिशाली समूह, वर्ग, जाति र लिङ्गले अप्रभुत्वशाली समूह, वर्ग, जाति र लिङ्गका मानिसलाई दबाउने, किनारमा पुऱ्याउने काम गर्छ, यस्तो अवस्थामा कमजोर पक्षले आफ्नो पहिचान, आत्मसम्मान र स्वाभिमान रक्षाका लागि दमन, यातना, उत्पीडन र किनारीकरणका विरोधमा प्रतिरोध गर्छ। प्रतिरोध शक्ति प्रयोगका विरुद्धमा उभिने सशक्त विरोधको स्वर वा प्रतिकार हो (सिंह, सन् २०२०, पृ.२१८)। सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिरोधले असमान व्यवहार, दमन, यातना, किनारीकरणका विरोधमा उभिने कडा प्रतिक्रियालाई इङ्गित गर्दछ।

**विमर्श**

सांस्कृतिक अध्ययन अन्तर्गतको प्रभुत्व र प्रतिरोधमा सत्तासंरचना र शक्तिविमर्शको आधारमा पात्रका गतिविधि एवम् तिनका क्रिया प्रतिक्रियाका बारेमा विश्लेषण गरिन्छ। सांस्कृतिक अध्ययन अन्तर्गतको साहित्यको अध्ययनमा प्रभुत्व र प्रतिरोधमा सामाजिक विमर्शात्मक संरचनामा शक्तिसम्बन्धका आधारमा पात्रका उपस्थिति, अवस्था, शासन, शोषण, दमन र प्रतिक्रियाका बारेमा सूक्ष्म किसिमबाट केलाएर हेरिन्छ। सामाजिक विमर्शात्मक संरचनामा शक्तिशाली पात्रले अधीनस्थ पात्रप्रति गर्ने दमनकारी व्यवहारलाई हेरिन्छ। शक्तिशाली पात्रले अधीनस्थ पात्रमाथि गर्ने व्यवहार क्रियाकलाप प्रभुत्वको दृष्टिकोणबाट अध्ययन गरिन्छ। शक्तिविमर्शको दृष्टिकोणबाट अधीनस्थ पात्रले शक्तिशाली पात्रले आफूमाथि गरेका असमान, अमानवीय र अपमानजनक एवम् गैरन्यायिक गतिविधिप्रति के कस्तो प्रतिक्रिया जनाउँछ उक्त सन्दर्भलाई प्रतिरोधको दृष्टिकोणबाट अध्ययन गरिन्छ। विवेच्य कथालाई यहाँ सांस्कृतिक अध्ययन अन्तगर्तको प्रभुत्व र प्रतिरोधको सीमाभित्र रहेर व्याख्या
गरिएको छ।

**आधिपत्य**

आधिपत्य शक्तिसम्बन्धसँग जोडिएको हुन्छ। आधिपत्य र शक्तिका बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ। शक्तिको प्रयोग गर्ने पक्ष शक्तिशाली हुन्छ। शक्तिशाली पक्षलाई वर्चस्वशाली पनि भनिन्छ। यस पक्षले आफूमा निहित शक्तिको प्रयोग समाजको कमजोर पक्षमाथि गर्दछ। शक्तिशाली पक्षले शक्तिको प्रयोग गरेर कमजोर माथि अन्याय, अत्याचार, दमन, उत्पीडन र असमान व्यवहार गर्छ। 'विद्रोह' कथामा वर्चस्वको सन्दर्भलाई यसरी प्रयोग गरिएको छ :

> मालिक्नीहरू सुत्केरी हुँदा सुँडिनीको काम गर्नुहुन्थ्यो। आमा र बच्चालाई तेल घस्नु, जीउ थिच्नु, सुत्केरीलाई दुध भएन भने चमार टोलकी कुनै बुहारी वा चेलीबेटीलाई बोलाएर हुन्छ कि बाख्राको दुध ल्याएर हुन्छ, बच्चा पालिने बन्दोबस्त गर्नु। खाली समयमा घाँसदाउरा गर्नुहुन्थ्यो, धान उसिन्नुहुन्थ्यो। आमालाई गर्व छ, उच्च जातिका धेरै व्यक्तिहरू उनीजस्तै सुँडिनीका दुध खाएर बाँचेका छन्। चमार टोलमा आगलागी गराएपछि र परिवारका लागि दुई गाँस टिप्ने बन्दोबस्त गर्ने घरमूलीलाई नै जेलथानामा हाल्न लगाएपछि सामाजिक सम्बन्ध खल्बलिएको थियो (पृ. ७७)।

उपर्युक्त साक्ष्यमा मधेसी दलित समुदायमा पर्ने सीमान्तीकृत चमार जातिका महिला पात्रका बारेमा चित्रण गरिएको छ। सामाजिक विमर्शात्मक संरचनामा सदियौँदेखि दलनमा पारिँदै आएका चमारहरू सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा सांस्कृतिक सबै हिसाबले निकै पछाडि पारिएको पाइन्छ। उपर्युक्त साक्ष्यमा मनचनमाकी आमाले समाजको धनी वर्गका उच्च जातिका मानिसका घरमा सेवाटहल गरेर आजीविका चलाउने तथ्यको उद्घाटन गरिएको छ। चमार टोलका छोरी बुहारीले धनी वर्गका छोरी बुहारी सुत्केरी हुँदा दुध खुवाउनुपर्ने, तिनका स्याहारसुसार गर्नुपर्ने सन्दर्भले धनी वर्गका पात्रको प्रभुत्वशाली व्यवहारलाई जनाउँदछ। हिन्दू वर्णव्यवस्थाका आधारमा निर्मित चार वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रअन्तर्गत सबभन्दा पछिल्लो र तल्लो श्रेणीमा नामकरण गरी राखिएको शिल्पी समूह दलित हो। समाजमा यो समूह अपमानित र अपहेलित जीवन बाँच्न

अभिशप्त रहेको छ। नेपाली समाजमा विभिन्न पेसा व्यवसायमा आबद्ध तथा कालीगढको रूपमा परिचित शिल्पी समुदाय विगतमा श्रमसँग प्रत्यक्ष जोडिँदै आएको भए पनि हाल व्यावहारिक रूपमा सामाजिक संरचनामा समानता पाउन नसकेको अवस्था हो । शिल्पी समुदाय विगत लामो समयदेखि दलिँदै, शोषित हुँदै, उत्पीडनमा पारिँदै, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा असंलग्नताको पीडा भोग्दै आएको छ (नेपाली, २०७८, पृ. ९३) । श्रमिक वर्गमा पर्ने यही समुदाय माथि कथित उच्च जातीय पात्रहरूले बर्बरतापूर्ण व्यवहार गरेको वास्तविकतालाई यस साक्ष्यले स्पष्ट पारेको छ। उपर्युक्त साक्ष्यले नेपाली समाजको श्रमसँग जोडिएको यो समुदाय विभिन्न दृष्टिकोणबाट वञ्चितीकरणको मार खेप्दै समाजमा अपमानित जीवन बाँच्न बाध्य भएको तथ्यलाई उजागर गरेको छ। चमार टोलका महिलाहरू तिनका आश्रयदाताका निर्देशनमा सेवाटहल गर्न बाध्य हुने सन्दर्भले अभिजात वर्गीय पात्रका वर्चस्वशाली व्यवहारलाई इङ्गित गर्दछ। निम्न वर्गका चमार टोलका महिलाहरू अनिच्छित भए पनि धनी वर्गका पात्रलाई खुसी तुल्याउन काम गर्नुपर्ने बाध्यात्मक परिस्थितिले पनि धनी वर्गका पात्रका शक्तिशाली भूमिकालाई अभिव्यक्त गर्दछ।

तराई-मधेसमा जातीय श्रेणीकरणको संरचना विद्यमान रहेको तथ्यलाई प्रस्तुत कथामा उजागर गरिएको छ । त्यहाँ कथित उच्च जातीय र कथित दलितका बिच छुवाछुतको व्यवहार कायम रहेको सन्दर्भलाई यस कथामा यसरी प्रस्तुत गरिएको छ, "मालिकहरूको टोलको बिचमा ठुलो आँपगाछी छ-ठगा साहुको आँपगाछी । त्यसमा मालिकहरूले नै इनार खनाइदिएका छन् रे। हाम्रो टोलमा इनार खनाउने हुती कुनै चमारको भएन र मालिकहरूको टोलका इनारबाट पानी झिक्ने अनुमति छैन" (विमल, २०७९, पृ.७८) । प्रस्तुत साक्ष्यमा उच्च जातीय पात्रहरू अभिजात वर्गको भएकाले तिनले कथित दलित चमारहरूलाई पानी खानका निम्ति इनार खनाइदिएका हुन् । यस सन्दर्भमा सामाजिक संरचनामा वर्गीय असमानता विद्यमान रहेको तथ्य उजागर भएको छ। यसका साथै कथित दलित चमारका चरम गरिबी र आर्थिक पछौटेपनसमेत उजागर भएको छ।

नेपालको कुल जनसङ्ख्याको चार प्रतिशतभन्दा पनि बढी सङ्ख्यामा रहेका मधेसी दलितहरूको गरिबी दर अत्यन्त बढी रहेको छ। मधेसी दलितको अवस्था खस-पर्वते र नेवार दलितका तुलनामा अझ बढी गम्भीर, दर्दनाक र संवेदनशील रहेको छ (आहुति, २०६७, पृ. १८५–१८६) । यस साक्ष्यमा कथित उच्च जातीय वर्चस्व एवम् अहंकारको प्रदर्शन भएको प्रस्ट छ। सामाजिक संरचनामा अस्तित्वमा रहेको उच्च जातीय र दलित जातीय विभेद एवम् छुवाछुतका सीमारेखालाई प्रस्तुत साक्ष्यले स्पष्ट पारेको छ। मालिकहरूले गरिब वर्गका चमारहरूका पिउने पानीको प्रयोजनका निम्ति छुट्टै इनार खनाई दिएबाट अभिजात वर्गीय सन्दर्भ छर्लङ्गिएको छ। समाजमा उच्च जातीय पात्रका इनारबाट चमारहरूलाई पानी झिक्नेअनुमति नहुनुबाट पनि उच्च जातीय प्रभुत्व अभिव्यञ्जित भएको छ। यस साक्ष्यमा एकातिर उच्च जातीय पात्रका आर्थिक वर्चस्वको अभिव्यञ्जना भएको छ भने अर्कोतिर तिनका कथित उच्च जातीय अहंकार र दम्भसमेतको अभिव्यक्ति छ।

**थिचोमिचो**

शक्तिशाली पक्षधरले कमजोर पक्षमाथि अन्याय, अत्याचार, दबाउने काम आदि थिचोमिचो हो । थिचोमिचो मूलतः शक्तिसम्बन्धसँग जोडिएको हुन्छ। शक्तिसम्बन्धमा प्रभुत्वशाली पक्ष दमनकारी पक्षको रूपमा रहन्छ र दमनकारी पक्षलाई दमक पनि भन्ने गरिन्छ। त्यसैगरी दमनकारी पक्षले आफ्नो प्रभुत्व लादेर नियन्त्रण गर्ने, शासन गर्ने पक्ष चाहिँ दमित हुन्छ। विद्रोह कथामा समाजका उच्च जातीय ब्राह्मण जातिले मधेसी दलित समुदाय चमार जातिका पात्रमाथि गरेका दमन यसप्रकार रहेको छ, "…. आखिर सवर्णहरूलाई चमारहरूको यो अटेरी असह्य भयो। त्यसपछि उनीहरूले मिलेर चमार बस्तीमा कसरी आगो लगाए, छ-छ महिनाको बच्चोलाई कसरी यातना दिए, अनेक थरिका मुद्दामा कसरी फँसाए यसका बारेमा कथा होइन अनेक उपन्यास लेख्न सकिन्छ" (विमल, २०७९, पृ. ७६) । यस साक्ष्यमा समाजका उच्च जातीय पात्रहरूले मधेसका असहाय चमारहरू माथि ज्यादती र आक्रमण गर्न लगाएको यथार्थ अभिव्यञ्जित छ। प्रस्तुत सन्दर्भको पूर्वापर प्रसङ्ग केलाउँदा के देखिन्छ भने गाउँमा मरेका गोरु चमारहरूले नउठाने उद्घोष गर्दा उच्च जातिका मानिसहरू कमजोर चमारहरूलाई दबाउन अनेक हतकण्डा अपनाएको स्पष्ट छ । सामाजिक विमर्शात्मक संरचनामा उच्च मानिने ब्राह्मण जातिका पात्रहरू शक्तिसम्बन्धको हिसाबले प्रभुत्वशाली भूमिकामा रहेकाले तिनले असहाय चमार बस्तीमा शक्तिको प्रयोग गरेर थिचोमिचो गरेको प्रस्ट छ।

उपर्युक्त साक्ष्यमा शक्तिशाली समूहका ब्राह्मण, क्षेत्रीहरूले आफ्ना अहम्मा ठेस पुऱ्याएका महसुस गरी कमजोर चमार बस्तीमा कहर गरेको  स्पष्ट छ।  उपर्युक्त साक्ष्यमा ब्राह्मणहरूले रिस फेर्न र कमजोर चमारहरूलाई दबाउनका निम्ति बालवृद्ध, वनिता सबैमाथि दमनकारी व्यवहार गरेका तथ्य उद्घाटित छ। तिनीहरूले कसैमाथि किर्ते मुद्दा दर्ता गराएको सन्दर्भ मुखरित भएको छ। यस कथामा जातिपातिको परम्परा र विभेदजन्य व्यवहारका कारण गरिएको शोषण दमनको सन्दर्भ मुखरित भएको छ (पोखरेल, २०८०, पृ. ५३–५४)। यस सन्दर्भमा ब्राह्मण जातिका पात्रका दमनकारी व्यवहारलाई उजागर गरिएको छ। प्रस्तुत प्रसङ्गमा उच्च जातीय पात्रलाई दमनकारी पात्रका रूपमा र दलित जातीय चमारलाई दमित पात्रका रूपमा चित्रण गरिएको छ।

विद्रोह कथामा समाजका कथित उच्च जातीय एवम् वर्गीय हिसाबले अभिजात वर्गीय पात्रका दमनकारी व्यवहारलाई उजागर गरिएको छ। समाजको प्रभुत्वशाली व्यक्तित्व जमिनदार एवम् पूर्व प्रशासक डमरु बहादुरको रोवरवाफपूर्ण व्यवहारलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> अर्को दिन फेरि ठुला जातकाहरू चमार टोल आएर ताण्डव मच्चाउन थाले। मान्छेहरू फेरि कुटिए, केटीहरूको फेरि बलात्कार भयो। त्यतिले नपुगेपछि डमरुका जेठा छोरा परलयले १२ बजे दिउँसै सयौँ मानिसका अगाडि ज्यानको भिख मागिरहेका बालाई ड्याम्म गोली हानिदिए। बूढा बा रगतको आहालभित्र फत्र्याकफत्र्याक गरी मर्नु भएको दृश्य अझै म झल्झली सम्झन्छु। हामीले बालाई अस्पताल पनि पुऱ्याउन सकेनौँ। मान्छेहरू बालाई  छाडेर भागे, पुलिसहरूको झमेलामा फँस्ने डरले र त्यो सनकीको बन्दुकको निसाना आफू पनि हुन सक्ने डरले (पृ. ७८)।

उपर्युक्त साक्ष्यमा गाउँका धनीमानी एवम् पूर्व अञ्चलाधीश डमरु बहादुरको घोडा मरेकोमा चमारहरूले उक्त मृत घोडा फ्याँक्न अस्वीकार गरेको कथ्यलाई उजागर गरिएको छ। समाजको विपन्न वर्गीय एवम् कथित दलित चमारहरूले आफ्ना आदेशलाई अवज्ञा गरी अहम् एवम् सामाजिक प्रतिष्ठामा आँच पुऱ्याएकोले पूर्व अञ्चलाधीश डमरु बहादुरका छोरा परलयले निरीह चमारहरूमाथि वर्वरतापूर्ण अमानवीय व्यवहार गरेको प्रस्ट छ। यस सन्दर्भले पूर्व अञ्चलाधीशको छोराले आफ्नो सामाजिक र प्रशासनिक पकड, पहुँच एवम् वर्चस्व प्रदर्शनका लागि अप्रभुत्वशाली चमार छोरी चेलीका अस्मिता लुट्नुका साथै मनचनमाका बुबालाई विनाकारण गोली हानी हत्या गरेको स्पष्ट छ। समाजको शक्तिशाली जमिनदार एवम् पूर्व अञ्चलाधीको छोराले बलको प्रयोग गरी बलात्कार तथा हत्या गर्दा पनि सीमान्तीकृत चमारहरू उक्त दमनकारी व्यवहारको प्रतिरोध गर्न नसकेको पुष्टि हुन्छ। सामाजिक विमर्शात्मक संरचनामा आर्थिक र प्रशासनिक दुवै हिसाबले कमजोर पात्र चमारहरू प्रतिकार गर्न नसकेका हुन्। सामाजिक विमर्शात्मक संरचनामा सत्तासीन व्यक्तित्वहरू आफ्ना अनुकूल विषयवस्तुको व्याख्या गर्न सक्तछन्(फौकल्ट,सन् २००३,पृ.५८)। यस सङ्कथनमा चमारहरू माथि अन्याय, अत्याचार, दमनकारी व्यवहार हुँदा पनि तिनीहरू शक्तिशाली परलयका विरुद्धमा बोल्न असमर्थ भएका देखिन्छन्। परलयका विरुद्धमा प्रहरी प्रशासनमा जाहेरी दिएर चमारहरू जोखिम मोल्न तयार नभएको स्वाभाविक देखिन्छ।

विद्रोह कथामा विद्यालयमा पढाउने गुरुले आफ्नो दायित्व बिर्सेर विद्यार्थीमाथि विभेदकारी र दमनकारी व्यवहार गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ। यस कथामा उच्च जातीय पात्र दीनानाथ गुरुले आफूले पढाएकै दलित चमार जातीय पात्र मनचनमालाई कुटपिट गरेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ, "मेरा भाग्यविधाता पण्डित दीनानाथले ब्राह्मणधर्म बिर्सेर मेरो गर्दन समाउनु भयो, गँगटोले बकुल्लोको गर्दन  च्याप्प समाएझैँ अनि मेरो खप्पर पक्की भित्तामा ठोक्न थाल्नुभयो, ठ्याङ-ठ्याङ्-ठयाङ्।  रगतको भल निस्कियो। पण्डित दीनानाथले मेरो मुखमा थुक फालिदिए–थुक्क" (पृ. ८०)। प्रस्तुत साक्ष्यमा मनचनमा सामाजिक विमर्शात्मक संरचनामा कथित दलित भएकोले उसले छुवाछुतको अपमानित व्यवहार भोग्नुपरेको तथ्य उद्घाटित छ। दलित समुदायको चमार जातिको पात्र भएकोले मनचनमाले कथित उच्च जातीय गुरु पण्डित दीनानाथबाट पीडित, प्रताडित हुनुपरेको हो। सामाजिक विमर्शमा हिन्दू नियमकानुनका असमान र अपमानजनक व्यवहार भोग्न बाध्य रहेका छन्। समाजमा यस्ता असमानता, छुवाछुत, दरिद्रता आदि सहेर समाजको सेवा गर्ने दलितमा पर्ने एउटा चमार जाति हो (रैदास, २०७८, पृ. २९)।  यस साक्ष्यमा गुरुदक्षिणा लिएर गुरुलाई भेट्न गएका मनचनमालाई उसकै उच्च जातीय गुरु पण्डित दीनानाथले शारीरिक र मानसिक यातना दिएको तथ्य उद्घाटित छ। मनचनमा आफ्नो कक्षामा उच्चतम अङ्क ल्याएर उत्तीर्ण भएकोले खुसी भएर गुरुभेटी लिई गुरुलाई भेट्न गएको बेला गुरुले आफ्नो मर्यादा र दायित्व बिर्सेर आफ्नै शिष्यमाथि हातपात गरी रगताम्मे पारेको कथ्यवस्तुले गुरुको दमनकारी व्यवहारलाई उजागर

गरेको छ। गुरु दीनानाथले आफ्ना शिष्य मनचनमालाई कुटपिट गरेर घाइते बनाउनुका साथै मुखमा थुक्ने प्रसङ्गले गुरुको अमानवीय र विभेदकारी व्यवहारलाई इङ्गित गरेको छ । यस कथामा सांस्कृतिक विमर्शले निर्माण गरेको विभेदकारी जातीय व्यवहारको विद्रुपताको सत्यान्वेषण गरिएको छ (घिमिरे, २०७९, पृ. बे.) । यस कथ्यमा उच्च जातीय गुरु पण्डित दीनानाथको दमनकारी र अमानवीय एवम् असामाजिक व्यवहार छर्लङ्ग पारिएको छ।

**प्रतिरोध**

प्रतिरोध शक्तिसम्बन्धसँग अन्तर्सम्बन्धित विषयवस्तु हो । सामाजिक विमर्शात्मक संरचनामा वर्गीय, जातीय, लैङ्गिक आधारमा प्रत्येकका दुई दुइटा पक्ष हुन्छन् । वर्गीय आधारमा अभिजात वर्ग र निम्न वर्ग, जातीय आधारमा कथित उच्च जाति र कथित दलित जाति त्यसगरी लैङ्गिकताका आधारमा महिला र पुरुष । यस्तो सामाजिक विमर्शात्मक संस्कृतिमा तुलनात्मक रूपमा अभिजात वर्ग, कथित उच्च जाति र पुरुष चाहिँ प्रभुत्वशाली अवस्थामा रहेका हुन्छन् । त्यहाँ निम्नवर्ग, कथित दलित जाति र महिला चाहिँ शक्तिविमर्शमा कमजोर अवस्थामा रहेको पाइन्छ। वर्गीय विमर्शमा अभिजात वर्ग र निम्न वर्गका बिचमा, जातीय विमर्शमा कथित उच्च जाति र कथित दलित जाति समुदायका बिचमा अनि लैङ्गिक संरचनामा पुरुष र महिलाका बिचमा शक्तिसङ्घर्ष चलेको हुन्छ । विवेच्य कथामा समाजका उच्च जातीय ब्राह्मण पात्र र दलित चमारका बिचमा विरोधका सन्दर्भहरू छन् । यस कथामा समाजमा लामो समयदेखि हेपिइँदै आएका चमारहरूले सशक्त विरोध गरेका सन्दर्भलाई यसरी अभिव्यक्त गरिएको छ :

> घर पुग्नासाथ मैले घोषणा गरैं, आमा, म मरेको जनावर बोक्तिन, छाला काड्दिन, उसको मासु पनि खान्न, घैंटामा जम्मा गरेको बोसोमा पकाइएको परिकार पनि खान्न । अनि आमाको काखमा घोप्टो परेर रोएँ । आमाले भन्नुभयो, अब मेरो छोरो मनचनमा तपाईँहरूसित जाँदैन । बरू स्कुल जान्छ । यो मेरो पहिलो विद्रोह थियो (पृ. ७६)।

उपर्युक्त साक्ष्यमा कथाको मुख्य पात्र मनचनमाले आलो छाला बोक्ने काम दिगमिग लागेर अब उप्रान्त उक्त काम नगर्ने विरोध गरेको प्रस्ट छ । आफ्ना पुर्खाहरूले सदियौँदेखि गर्दै आएका परम्परागत पेसा नगर्ने मनचनमाको अभिव्यक्तिमा सशक्त विरोधको भाव अभिव्यञ्जित छ । मनचनामाको साथै उसकी आमाको असहमतिको अभिव्यक्तिमा पनि विरोधको स्वर मुखरित भएको छ । यस साक्ष्यमा मनचनमाले अबउप्रान्त मरेका जनावरका छाला नकाढ्ने, तिनका मासु र बोसो नखाने यसका साथै यो मेरो पहिलो विद्रोह थियो भन्ने वाक्यांशले मनचनमाको परम्परागत पुर्ख्यौली पेसाप्रतिको सशक्त विरोधको सन्दर्भलाई अभिव्यञ्जित गरेको छ । शक्तिको अभ्यास भएकै ठाउँमा विरोधको स्वर मुखरित हुन्छ । प्रतिरोध शक्ति प्रयोगको विरुद्ध जनाइने प्रतिक्रिया हो । जहाँ नागरिकका रूचि र शक्तिका बिच टकराव हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ(मास, सन् २०१७, पृ.४५) । मनचनमाले प्रत्यक्ष रूपमा पुर्ख्यौली पेसाप्रति असहमति जनाउनु भनेकै सामाजिक विमर्शात्मक संस्कृति प्रतिकै अस्वीकारोक्ति हो । यस सन्दर्भमा मनचनमाको मन मस्तिष्कमा समाजमा विद्यमान संस्कृतिप्रति घृणा जाग्नुका साथै विद्रोहको भाव उत्पन्न भएको देखिन्छ । यसका साथै उसकी आमाले मनचनमाले पुर्ख्यौली पेसा छाडेर पढ्नका निम्ति स्कुल जाने वाक्यांशले पनि तिनको चेतनामा विकास भएको स्पष्ट छ ।

**निष्कर्ष**

विद्रोह कथामा कथित उच्च जातीय ब्राह्मण र क्षेत्रीका जातीय पात्रका वर्चस्वको चित्रण गरिएको छ। तिनका जातीय उच्चताको दम्भ र अहंकार अभिजात वर्गीय सम्बद्धताका आधारमा निर्माण भएको स्पष्ट छ। उच्च जातीय पात्रहरू जमिनदार भएकाले सामाजिक संरचनामा तिनको दवदवा त छँदैछ सोही प्रभुत्वले पुलिस प्रशासनमा समेत पहुँच र पकड कायम गर्नमा मद्दत गरेको तथ्य उजागर भएको छ। हिन्दू जाति व्यवस्थाको पृष्ठभूमिमा निर्मित जातीय श्रेणीकरणको आडमा कथित उच्चताको स्थान हासिल गरेर प्रभुत्वशाली भूमिकामा रहेका ब्राह्मण, क्षेत्रीलगायतका पात्रहरूले कथित दलित समुदायका चमार पात्रहरूमाथि असमान, अमानवीय र अपमानजनक व्यवहार गरेका तथ्य प्रस्तुत कथामा इङ्गित छ। उच्च ब्राह्मण जातीय पात्रहरूले चमार बस्तीमा आगजनीका साथै तिनका छोरीचेलीका अस्मिता लुट्नेसमेत काम गरेर आफ्ना प्रभुत्वशाली व्यवहार प्रदर्शन गरेको प्रस्ट छ। उच्च जातीय पात्र भएकै कारण विद्यालयका शिक्षक पण्डित दीनानाथले चमार जातिका शिष्य मनचनमालाई पक्की भित्तामा टाउको ठोकाएर घाइते बनाउन सकेको हो। यस सन्दर्भमा एकजना गुरु जातीयताको

आधारमा आफ्ना चमार जातिका शिष्य मनचनमाप्रति विभेदकारी र अमानवीय व्यवहार गरेको तथ्य उद्घाटित छ । यसैगरी जमिनदार एवम् पूर्व अञ्चलाधीश डमरु बहादुर र उसका छोरा परलयले चमारहरूमाथि वर्वरतापूर्ण व्यवहार गरेको तथ्य प्रस्ट भएको छ। यस कथामा उच्च ब्राह्मण तथा क्षेत्री जातीय अहंकारको प्रदर्शनका साथसाथै तिनका अभिजात वर्गीय प्रभुत्वशाली व्यवहारसमेत प्रदर्शित भएको छ। समाजमा उच्च जातीय पात्रका ज्यादती, असमान व्यवहारका साथसाथै विभेदकारी व्यवहारबाट आजित भएका मनचनमाको मनमा विद्रोहको भाव जन्मिएको छ जुन स्वाभाविक देखिन्छ। प्रस्तुत कथामा उच्च जातीय पात्रका जातीय एवम् वर्गीय प्रभुत्वको चित्रण गरिएको छ । त्यहीँनेर उच्च जातीय पात्रका दमनकारी व्यवहारका कारण सीमान्तीकृत चमार जातिका पात्र मनचनमाले सुषुप्त विद्रोह गरेको भाव अभिव्यञ्जित छ। यस कथामा एकातिर उच्च जातीय एवम् अभिजात वर्गीय पात्रका वर्चस्व देखाइएको छ भने अर्कोतिर सीमान्तीकृत मनचनमाको मौन विद्रोहको स्वर मुखरित भएको छ।

**सन्दर्भ सामग्री सूची**

आहुति (२०६७). मधेसी दलित मुक्तिको प्रश्न, *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष*. ललितपुर : समता फाउण्डेशन (पृ. १८५–१९२) ।

घिमिरे, रोचक (२०७९). आख्यान क्षेत्रको विशिष्ट प्राप्ति, *सरबरिया टोल*. काठमाडौँ : शिखा बुक्स (पृ. बे.) ।

पोखरेल, प्रह्लाद (२०८०). राजेन्द्र विमलको नवीनतम आख्यानकृति : सरबरिया टोल, *गोरखा-वाङ्मय,* वर्ष–६. पृ. ५३–५६ ।

रिजाल, नवराज (२०७९). मधेस प्रदेशमा कथालेखनको परम्परा र प्रवृत्ति, *मधेस प्रदेशका नेपाली कथामा सामाजिक यथार्थ*. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ. ६२–६४) ।

रैदास, रामशरण (२०७८). नेपाल तराईको चमार समुदायका सामाजिक संस्कार, *नेपालका जातीय सामाजिक संस्कार (भाग ७)*. प्रेमकुमार खत्री (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ. २९–४२) ।

विमल, राजेन्द्र (२०८०). *सरबरिया टोल*. काठमाडौँ : शिखा बुक्स ।

Chris, B. (2004). *The SAGE Dictionary of Cultural Studies*. London, Thousand Oaks, New Delhi : SAGE Publication.

Foucault, M. (2003). Discourse, *Routledge Critical Thinkers*. Sara Mills (ed.) London & Newyork : Routledge Taylor And Fransis Group (p. 13–66).

Masse, K.(2017). Popular Culture, 'Resistence', Cultural Radicalism, Self Formation, Martin, B. Paul, M., Lea, B. (eds). *Resistance Subjects, Representation Contexts*. Transcript veriag, Bielefeld. 45–70.

Sardar, Z. and Loon, B.V.(1998). *Introducing Cultural Studies.*Richard, A. (ed.), Uk : Icon Books.

Singh, H. (2020). Aspects of Resistence. *Language of India*.20(12)218–224.